# जिल्ला विकास समिति
# धनकुटा
# डोजर सञ्चालन तथा व्यवस्थापन गर्न बनेको निर्देशिका
# २०६०

जिल्ला विकास समिति धनकुटाको स्वामित्वमा रहेको डोजरद्वारा जिल्ला भित्रका सडक संरचना निर्माण तथा मर्मत गर्न तथा अन्य विकास पूर्वाधार निर्माणमा उक्त डोजर सञ्चालन प्रक्रियालाई नियमित र व्यवस्थित गर्न वान्छनीय भएकोले जिल्ला विकास समिति धनकुटाले यो डोजर संचालन तथा व्यवस्थापन निर्देशिका २०६० जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** :-

१.१ यो निर्देशिकाको नाम 'डोजर सञ्चालन तथा व्यवस्थापन गर्न बनेको निर्देशिका २०६०' रहेको छ ।

१.२ यो निर्देशिका जि.वि.स.ले स्वीकृत गरेका मितिदेखि लागु हुनेछ ।

२. **परिभाषा** :- विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो निर्देशिकामा,

२.१ 'जि.वि.स.' भन्नाले जिल्ला विकास समिति धनकुटालाई संझनुपर्छ ।

२.१ 'डोजर' भन्नाले जि.वि.स.को स्वामित्वमा रहेको वा भाडामा ल्याइएको सडक वा अन्य निर्माण कार्य सञ्चालन गर्न प्रयोग गरिने हेभी इक्वीपमेण्ट मेशिन संझनुपर्छ ।

२.३ 'सचिव' भन्नाले जि.वि.स.को सचिव वा निजले डोजर व्यवस्थापनको कार्य गर्ने गरी अधिकार प्रत्यायोजन गरेको योजना अनुगमन तथा प्रशासकीय अधिकृत वा अन्य अधिकृत संझनुपर्छ ।

२.४ 'उप-समिति' भन्नाले डोजर सञ्चालन तथा व्यवस्थापनको कार्य गर्ने गरी जि.वि.स.द्वारा गठित उप-समितिलाई संझनुपर्छ ।

२.५ 'सडक योजना' भन्नाले जिल्ला यातायात गुरु योजनामा परेका तथा जि.वि.स. तथा गा.वि.स.द्वारा स्वीकृत भएका सडक योजनाहरुलाई संझनु पर्छ ।

२.६ 'अध्यक्ष' भन्नाले योजना सञ्चालन, मर्मत र रेखदेखको समेत कामकाज गर्ने गरी गठित उपभोक्ता समितिको अध्यक्षलाई संझनुपर्छ ।

२.७ 'संझौता' भन्नाले योजना सञ्चालन गर्ने अध्यक्ष तथा जि.वि.स. वा यसै निर्देशिकाद्वारा तोकिएका अधिकारी वीच भएको डोजर सञ्चालन सम्वन्धी लिखत समझदारी पत्र संझनुपर्छ ।

२.९ 'निजी क्षेत्र' भन्नाले जिविसको डोजर खरिद कार्यमा साझेदार नभएका सबै संघ संस्था, कार्यालय तथा व्यक्ति समेतलाई जनाउँछ ।

२.१० 'कार्य दिन' भन्नाले सात घण्टाको समयलाई जनाउँछ ।

३. **डोजर सञ्चालन तथा व्यवस्थापन संवन्धी नीतिहरु** :-

जिल्ला विकास समितिको स्वामित्वमा रहेको डोजर जिल्लावासीको अमूल्य सम्पत्ती हो तसर्थ यसलाई जिल्लावासीको हित, सुविधा र जिल्लाको समग्र विकासका निमित्त उचित प्रयोग तथा दिगो व्यवस्थापन गर्न आवश्यक भएकोले डोजर संचालन तथा व्यवस्थापनमा देहायका नीतिहरु अवलम्वन गरिनेछ -

३.१ डोजरको सञ्चालन तथा व्यवस्थापन गर्नका लागि एक डोजर संचालन तथा व्यवस्थापन उप-समिति गठन गरी डोजर संचालन तथा व्यवस्थापन सम्वन्धी कार्य गर्ने जिम्मेवारी दिइनेछ ।

३.२ उप-समितिलाई सुम्पिएका काम, कर्तव्य र अधिकार बहन गर्नका लागि आवश्यक पर्ने स्रोत, साधन संकलन तथा परिचालनको योजना बनाइ जि.वि.स.बाट पारित गराइ कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ ।

३.३ डोजर सञ्चालन तथा व्यवस्थापनलाई चुस्त र दुरुस्त बनाइ पारदर्शी रुपमा सञ्चालन गरिने छ ।

३.४ सकेसम्म जिल्लाको विविध भौतिक निर्माण सुधारमा टेवा पुऱ्याइनेछ ।

३.५ सडक संरचना निर्माण गर्दा वातावरणीय प्रभावलाई ध्यान दिइने छ ।

## ४. **डोजर सञ्चालन व्यवस्थापन उप-समिति सम्वन्धी व्यवस्था :-**

४.१ जिल्ला विकास समितिको स्वामित्वमा रहेको डोजरको उचित व्यवस्थापन गरी माग भएका विभिन्न योजनाहरुमा डोजरको सञ्चालन गर्ने, डोजरको रेखदेख, मर्मत सम्भार सम्वन्धी कार्यमा अनुगमन निरिक्षण गर्न देहाय वमोजिमको एक उप-समिति गठन गरिनेछ ।

| | | |
|---|---|---|
| ४.१.१ | जि.वि.स. ले तोकेको जि.वि.स. सदस्य | - संयोजक |
| ४.१.२ | जि.वि.स.ले तोकेको एक जना सदस्य | - सदस्य |
| ४.१.३ | जि.वि.स. सचिव वा निजले तोकेको अधिकृतस्तरका कर्मचारी | - सदस्य |
| ४.१.४ | जि.प्रा. कार्यालयका प्रमुख वा इन्जिनियर | - सदस्य |
| ४.१.५ | योजना शाखाको प्रमुख | - सदस्य-सचिव |

४.२ उप-समितिले आवश्यक ठानेमा डोजर अपरेटरलाई समेत छलफलमा सहभागी बनाउन सकिनेछ ।

४.३ उप-समितिको काम, कर्तव्य र अधिकार : प्रचलित ऐन नियमहरुको परिधि भित्र रही उप-समितिलाई देहाय अनुसार काम, कर्तव्य र अधिकारहरु हुनेछन् -

४.३.१ डोजर परिचालन नगरी निर्माण गरिने सडक योजनाहरु संकलन तथा प्राथमिकता तय गर्ने तथा संचालनका लागि योजनाहरु छनौट गर्ने ।

४.३.२ छनौट भएका योजनामा डोजर संचालन गर्ने स्वीकृति दिने, संझौता गर्ने ।

४.३.३ संझौताको अवधि भित्र तोकिए अनुसार कार्य भए नभएको अनुगमन गर्ने, तोकिए अनुसार कार्य भए नभएको हेरी कर्मचारीको कारणबाट नभएको पाइएमा कारवाहीका लागि जिविस समक्ष सिफारिस गर्ने, उपभोक्ता समितिको कारणबाट कार्य हुन नसकेको पाइएमा संझौता रद्ध गर्ने र डोजर फिर्ता बोलाउने ।

४.३.४ योजना सञ्चालनमा डोजर परिचालन गर्दा सुरक्षा तथा जनपरिचालनको बारे अध्ययन गरेर मात्र पठाउने ।

४.३.५ आवधिक जिल्ला विकास योजना, जिल्ला यातायात गुरु योजना तथा जि.वि.स.द्वारा स्वीकृत योजनाहरुमा प्राथमिकता दिइ डोजर संचालन गराउने ।

४.३.६ समय समयमा डोजरको जाँच गरी/गराइ मर्मत गर्नु पर्ने अवस्था देखिए तुरुन्त मर्मत गराइ बर्षैभरि निर्वाध रुपमा डोजर संचालन गर्न सकिने व्यवस्था मिलाउने ।

४.३.७ पटक पटक फेरवदल गर्न पर्ने प्रकारका स्पेयर पार्टसहरु मौज्दातमा राख्ने व्यवस्था मिलाउने ।

४.३.८ डोजर सञ्चालन तथा व्यवस्थापन संवन्धी तत्काल आइ पर्ने अन्य कार्यहरु गर्ने ।

## ५. **डोजरद्वारा योजना संचालन गर्ने संवन्धी कार्यविधि :-**

५.१ जिल्ला विकास समितिको स्वामित्वमा रहेको डोजरद्वारा योजना संचालन गर्न चाहने योजना अध्यक्षले उपभोक्ता समितिको निर्णय सहित तोकिएको ढाँचामा जि.वि.स. समक्ष निवेदन दिनु पर्नेछ ।

५.२ निवेदन साथ दरखास्त दस्तुर वापत रु. एक सय तथा कति कार्यदिन दिनका लागि डोजर माग गरेको हो त्यति दिनका लागि प्रति दिन रु. पन्ध्र हजारका दरले हुन आउने एक मुष्ट रकम जि.वि.स.को खाता नं.चल्ति हि.नं. १३१३ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ ।

५.३ यो निर्देशिका वमोजिम माग भएको योजनामा डोजर संचालन गर्ने निर्णय भएमा सोको जानकारी सम्वन्धित अध्यक्ष मार्फत उपभोक्ता समितिलाई दिइनेछ ।

५.४ डोजर संचालन गर्ने निर्णय भएपछि सम्वन्धित अध्यक्षले डोजरलाई संचालन अवधिमा लाग्ने इन्धन वापतको एकमुष्ट रकम जि.वि.स.मा बुझाउनु पर्नेछ । यसरी रकम बुझाएपछि मात्र डोजर सम्वन्धित योजनामा संचालन गरिनेछ । जिविसले जिल्ला सदरमुकामबाट तेल आपूर्ति गर्नेछ, यसरी आपूर्ति गरिएको तेल सदरमुकामबाट संवन्धित योजना स्थल सम्मको ढुवानी खर्च संवन्धित उपभोक्ता समितिले नै व्यहोर्नु पर्नेछ ।

५.५ योजना संचालन अवधिमा आवश्यक पर्ने मोविल, डोजर रहेको स्थानबाट योजना स्थल र योजना सम्पन्न भएपछि नजिकको राजमार्गसम्म जाने इन्धनको व्यवस्था सम्वन्धित उपभोक्ता समितिले नै गर्नु पर्नेछ । तर मर्मत संभार पछि मोविल फेर्नु पर्ने भएमा जिविसले एकपटकका लागि मोविल, ग्रिज आदि फेर्नेछ ।

५.६ योजना संचालनमा डोजर प्रयोग गर्न चाहने उपभोक्ता समितिले डोजरको सुरक्षा प्रत्याभूति (ग्यारेण्टी) पत्र जि.वि.स. समक्ष पेश गर्नु पर्नेछ ।

५.७ यो निर्देशिका वमोजिम निर्दिष्ट अपरेटर, हेल्पर समेतको ओभर टायम भत्ता समेत सम्वन्धित उपभोक्ता समितिले नै उपलव्ध गराउनु पर्नेछ ।

५.८ योजना स्थलमा डोजर पठाउनु अघि डोजर अप्रेटर सहितका प्राविधिकद्वारा साइटको अध्ययन गराउनु पर्नेछ । प्राविधिक दृष्टिले साइट उपयुक्त भए नभएको विषयमा निजहरुले पेश गरेको प्रतिवेदन तथा लगत स्टिमेट समेतलाई आधार मानि डोजर सञ्चालनको स्वीकृति दिइनेछ ।

५.९ डोजरद्वारा निर्माण कार्य गर्ने उपभोक्ता समितिले कार्य सम्पन्न भएपछि प्राविधिकद्वारा कार्य सम्पन्न प्रतिवेदन तयार गरी जिविस समक्ष पेश गर्नु पर्नेछ ।

५.१० डोजर सञ्चालन संवन्धी कार्यका लागि पीच सडकबाट डोजर ढुवानी गर्नु पर्ने भएमा संवन्धित उपभोक्ता समितिले नै ढुवानी खर्च व्यहोर्नु पर्नेछ ।

माथि जुनसुकै कुरा उल्लेख भएको भए ता पनि यो निर्देशिका जारी हुनु अघि जिविस र संवन्धित उपभोक्ता समितिका वीच डोजर सञ्चालन गर्ने संझौता भैसकेकोमा सो स्थानमा डोजर सञ्चालन गर्न कुनै बाधा पर्ने छैन ।

६. **डोजर सञ्चालन संवन्धी लगबुक राख्नु पर्ने:-**

कुनै पनि योजनामा डोजर सञ्चालन गर्दा सो को लगबुक अनुसूची .....राख्नु अपरेटरको कर्तव्य हुनेछ । लगबुक नराखी डोजर सञ्चालन गरेको पाइएमा उप-समितिले अपरेटरलाई आवश्यक कारवाहीका लागि जिविस समक्ष सिफारिश गर्नसक्नेछ ।

७. **निजी क्षेत्रले समेत डोजर प्रयोग गर्न पाउने :-**

जिविसको स्वामित्वमा रहेको डोजर सञ्चालन गर्न चाहने निजी क्षेत्रका संघ संस्था, वा व्यक्तिहरुले यो निर्देशिकाका अन्य प्रकरणहरुका अधिनमा रही प्रति दिन रु वीस हजार रुपैयाँका दरले रकम बुझाए पछि डोजर प्रयोग गर्न सक्नेछन ।

८. **डोजर सञ्चालन वापत प्राप्त रकम अन्य कार्यमा खर्च गर्न नपाइने :-**

डोजर सञ्चालन गरे वापत यो निर्देशिका बमोजिम डोजर खातामा जम्मा हुन आएको रकम डोजर सञ्चालन व्यवस्थापन तथा डोजर सञ्चालनमा संलग्न डोजर अपरेटर, हेल्परको तलब भत्तामा वाहेक अन्य कार्यमा खर्च गर्न पाइने छैन ।

९. **अपरेटर तथा हेल्परलाई ओभरटाइम भत्ता दिनु पर्नेः-**

डोजरद्वारा योजना सञ्चालन गर्न चाहने उपभोक्ता समितिका अध्यक्षले प्रति कार्यदिन अपरेटरलाई रु.आठ शय तथा हेल्परलाई रु. एक शय पचास रुपैयाँका दरले ओभरटायम भत्ता योजना सम्पन्न भएका दिन सम्ममा भुक्तानी गर्नु पर्नेछ । ओभर टायम भत्ताको दर समयानुसार समायोजन गर्न सकिनेछ ।

१०. **खाता संचालन :-**

डोजर संचालन तथा व्यवस्थापन गर्न रा.बा.बैंक धनकुटामा रहेको डोजर संचालन खाता जि.वि.स. सचिव र लेखापालको संयुक्त दस्तखतबाट संचालन हुनेछ ।

११. **डोजर मर्मत संवन्धी व्यवस्थाः-**

डोजर विग्रिएर मर्मत गर्नु पर्ने अवस्था भएमा कुन कुन कुराको मर्मत संभार गर्नु पर्ने हो । कुन कुन सामानहरु फेरबदल गर्नु पर्ने हो सो को विवरण सहित अपरेटरले सचिव समक्ष निवेदन दिनु पर्नेछ । अपरेटरको निवेदन प्राप्त भए पछि सचिवले तत्काल उप-समितिको बैठक वोलाउन लगाइ आवश्यक छलफल र उप-समितिको निर्णय बमोजिम संवन्धित प्राविधिकबाट लागत अनुमान तयार गराइ जि.वि.स. बाट निर्णय गराइ प्रचलित आर्थिक नियमावली बमोजिम मर्मत संभार गराउनु पर्नेछ ।

१२. **अवाञ्छित प्रभाव पार्न नहुनेः-**

यो निर्देशिका बमोजिम डोजरद्वारा योजना सञ्चालन गर्ने उपभोक्ता समितिको अध्यक्ष लगायत संवद्ध पक्षले उप-समितिको निर्णयलाई स्वीकार गर्नु पर्नेछ । विभिन्न योजनाहरुबाट एकैपटक डोजरको माग भएकोमा यो निर्देशिका वमोजिम तोकिएको प्राथमिकताक्रम वा पहिले माग गर्ने योजनालाई प्रथम प्राथमिकता दिने गरी भएको उप-समितिको निर्णयलाई कसैले अवाञ्छित प्रभाव पार्ने प्रयत्न गर्नु हुँदैन । कुनै योजनाका संवद्ध पक्षले त्यस्तो अवाञ्छित प्रभाव पार्ने प्रयत्न गरेमा उप-समितिले त्यस्तो योजनामा डोजर नपठाउने गरी निर्णय समेत गर्न सक्नेछ ।

१३. **अधिकार प्रत्यायोजनः-**

यो निर्देशिकाद्वारा उप-समितिलाई प्रदत्त अधिकार उप-समितिले सचिव वा निजले तोकको अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ र सचिवलाई प्रदत्त अधिकार निजले तोकेको अधिकृतलाई प्रत्यायोजन गर्न समेत वाधा पुग्ने छैन ।

१४. **निर्देशिकामा संशोधन :-**

यो निर्देशिकामा संशोधन गर्न आवश्यक भएमा उप-समितिको सिफारिशमा जिविसले गर्न सक्नेछ ।

१५. **खारेजी र बचाउ :-**

यो निर्देशिका जारी हुनु अघि डोजर सञ्चालन र व्यवस्थापन संवन्धी भए गरेका कामकुराहरु यसै निर्देशिका बमोजिम भए गरेका मानिनेछन । डोजर सञ्चालन र व्यवस्थापन संवन्धी जिविसका पुराना निर्णयहरु यो निर्देशिका जारी भएपछि स्वतः निष्कृय हुनेछन ।

अनुसूची-१

## डोजर माग संवन्धी निवेदन पत्रको ढाँचा

श्रीमान् संयोजकज्यू,
डोजर संचालन व्यवस्थापन उप-समिति
जिल्ला विकास समिति, धनकुटा ।

**विषय : डोजर उपलव्ध गराइ दिने सम्वन्धमा ।**

महोदय,

उपरोक्त विषयमा ……………………… उपभोक्ता समितिको तर्फबाट यो निवेदन गर्दछुकी ……………………………………………. योजनामा डोजरको प्रयोग गरी योजना संचालन गर्ने ………………………… उपभोक्ता समितिको मिति २०६ / / को निर्णय वमोजिम …………… कार्य दिनका लागि लाग्ने भाडा रु. ……………… तहाँको चल्ती हिसाव नं. १३१३ मा जम्मा गरी सो को सक्कल भौचर यसै साथ पेश गरेको छु, डोर संचालन अवधिमा लाग्ने डोजरको इन्धन, मोविल, ग्रीज आदिका लागि आवश्यक पर्ने रु. …………….. समेत उपरोक्त खातामा जम्मा गरेको सक्कल भौचर समेत यसै साथ पेश गरेको छु । डोजर संचालन व्यवस्थापन निर्देशिका २०६० द्वारा जारी गरिएका सम्पूर्ण प्रावधानलाई पूर्णतः पालन गर्ने गराउनेछु । डोजर उपलव्ध गराइ सहयोग गरी दिनु हुन अनुरोध गर्दछु ।

……………………
……………. गा.वि.स. वडा नं. ……….
बस्ने ……………………………………
समितिका तर्फबाट ………………………..
समितिका ……………. श्री …………………

अनुसूची-२

# डोजर संचालन संझौता पत्रको ढाँचा

## जिल्ला विकास समिति डोजर संचालन व्यवस्थापन उप-समिति धनकुटा र ...................... गाउँ विकास समितिको ................... उपभोक्ता समिति/ ................................. बीच डोजर संचालन सम्वन्धी संझौता पत्र

ज्ञ. यो संझौता पत्रमा डोजर संचालन व्यवस्थापन उप-समितिलाई पहिलो पक्ष र .......... उपभोक्ता समिति .............................. लाई दोस्रो पक्ष भनिनेछ ।

द्द. ......................... योजनामा मिति २०६ / / गते .......... बजेदेखि मिति २०६ / / गते .......... बजेसम्म डोजर संचालन गर्न गराउन दुवै पक्ष सहमति जनाउदछौ ।

घ. प्रकरण दुई अनुसार संचालन भएकोडोजरले गरेको कामको दैनिक अभिलेख (लगवुक) अपरेटरको सहायतामा दोश्रो पक्षले राख्नु पर्नेछ ।

द्ध. काममा खटिएका अवधिमा डोजर तथा डोजर व्यवस्थापनमा खटिने कर्मचारीको सुरक्षा दोस्रो पक्षले गर्नु पर्नेछ ।

छ. दोस्रो पक्षले गलत व्यवस्थापनका कारण योजनास्थलमा डोजर काम वेगर वसेको पाइएमा त्यस्तो अवधिको डोजर भाडा समेत दोस्रो पक्षले पहिलो पक्षलाई भुक्तानी गर्नु पर्नेछ ।

ट. डोजर प्रयोग गरी योजना संचालन गर्दा प्राविधिक सहयोग, सुपरीवेक्षण तथा अनुगमनको कार्य पहिलो पक्षले गर्नेछ ।

ठ. डोजर संचालन अवधिमा कुनै प्रकारको विवाद सिर्जना भइ विवादको समाधान १ दिन भित्र हुन नसकी डोजर संचालन रोकिएमा पहिलो पक्षले विवादको गम्भीरतालाई हेरी तत्काल डोजर फिर्ता बोलाएमा दोस्रो पक्षले वाधा विरोध गर्ने छैन ।

ड. डोजर संचालन व्यवस्थापन निर्देशिका २०६० लाई दोस्रो पक्षले समेत पूर्ण रुपमा पालन गर्नेछ ।

ढ. डोजर संचालन सम्वन्धमा पहिलो र दोस्रो पक्ष बीच विवाद सिर्जना भएमा दुवै पक्षलाई उपयुक्त हुने गरी निकास निकाल्ने प्रयत्न गरिने छ । त्यस्तो निकास निस्कन नसकेमा पहिलो पक्षको निर्णयलाई दोस्रो पक्षले स्वीकार गर्नु पर्नेछ ।

| | |
|---|---|
| दस्तखत : .................... | दस्तखत : .................... |
| नाम : .................... | नाम : .................... |
| पद : ........................ | पद : ........................ |
| .................... उपभोक्ता समिति | डोजर संचालन व्यवस्थापन उप-समिति |

अनुसूची-३

# जिल्ला विकास समिति, धनकुटा

## डोजर संचालन, व्यवस्थापन उप-समिति

## डोजर प्रयोग सम्वन्धी लगवुक

योजनाको नाम :-

योजना अध्यक्षको नाम :-

गा.वि.स. :-

संझौता मिति :-

संझौता अवधि : २०६  /  /   देखि २०६  /  /    सम्म जम्मा दिन ...........

| क. सं. | डोजर प्रयोग भएको मिति | समय | | | इन्धन तथा अन्य लुव्रिकेन्टस खपत विवरण | | | | | संझौता अवधिमा डोजर प्रयोग हुन नसकेमा | | | | अध्यक्ष तथा सचिवको दस्तखत | अपरेटरको दस्तखत | डोजरले यो योजनामा खनेको कूल लम्वाइ वा परिणाम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | जम्मा कार्य समय | डिजेल | मोविल | ग्रिज | सि आयल | अन्य | प्रयोग हुन नसक्नुका कारण | समय | | | | | | |
| | | | | | | | | | | | देखि | सम्म | जम्मा घण्टा | | | | |
| | | | | | | | | | | | | | | | | | |